# काठमाडौँ महानगरपालिका

# स्थानीय राजपत्र


काठमाडौँ महानगरपालिकाद्वारा प्रकाशित

वर्ष ५) काठमाडौँ, असार २८ गते, २०७८ साल (अतिरिक्ताङ्क १


## भाग १

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम काठमाडौँ महानगरपालिकाको नगरसभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## संवत् २०७८ सालको ऐन नं. १

## काठमाडौँ महानगरपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०७८

<u>**प्रस्तावना**</u> : काठमाडौँ महानगरपालिकाको आर्थिक वर्ष २०७८/२०७९ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयनको लागि स्थानीय कर, शुल्क, दस्तुर र जरिवाना सङ्कलन गर्न, छुट दिन तथा अन्य आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २३० बमोजिम काठमाडौँ महानगरपालिकाको नगरसभाले यो ऐन जारी गरेको छ ।

१. <u>**सङ्क्षिप्त नाम र प्रारम्भ**</u> : (१) यस ऐनको नाम **"काठमाडौँ महानगरपालिका आर्थिक ऐन, २०७८"** रहेको छ ।

(२) यो ऐन २०७८ साल श्रावण १ गतेदेखि काठमाडौँ महानगरपालिका क्षेत्रभित्र लागु हुने छ ।

२. <u>**सम्पत्ति कर**</u> : काठमाडौँ महानगरपालिका क्षेत्रभित्र अनुसूची–१ बमोजिम महानगरपालिका क्षेत्रभित्रका घर र जग्गामा सम्पत्ति कर लगाई असुलउपर गरिने छ । घरको मूल्याङ्कन अनुसूची–२ अनुसार, घरको बनोटको आधारमा ह्रास कट्टी अनुसूची–३ अनुसार र जग्गाको मूल्याङ्कन अनुसूची–४ अनुसार गरिने छ ।

३. <u>**भूमिकर**</u> : काठमाडौँ महानगरपालिका क्षेत्रभित्र सम्पत्ति कर लाग्ने भूमि बाहेकमा अनुसूची–५ बमोजिम भूमिकर (मालपोत) लगाई असुलउपर गरिने छ ।

४. <u>**बहाल कर**</u> : काठमाडौँ महानगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, वर्कसप, गोदाम, टहरा, सेड, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा लगाई हुने आम्दानी र आम्दानी हुने गरी अन्य कुनै सम्पत्ति बहालमा दिएकोमा अनुसूची–६ बमोजिम बहाल कर लगाई असुलउपर गरिने छ ।

५. <u>**व्यवसाय कर**</u> : काठमाडौँ महानगरपालिका क्षेत्रभित्र दर्ता वा इजाजत प्राप्त गरी स्थापित उद्योग, व्यापार, व्यवसाय, सेवा र यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने व्यक्ति, सङ्घसंस्था वा निकायलाई व्यावसायिक प्रकृति, आर्थिक कारोबार, स्थान बिशेष र लगानीका आधारमा अनुसूची–७ बमोजिम व्यवसाय कर लगाई असुलउपर गरिने छ । त्यसरी व्यवसाय कर असुल गर्दा बैङ्क तथा वित्तीय संस्था र सुपर मार्केटहरूको हकमा प्रत्येक कारोबार स्थलमा कारोबारको आधारमा अलग अलग ईकाइ मानी असुलउपर गरिने छ ।

६. **<u>जडीबुटी, कवाडी र जीवजन्तु कर</u>** : काठमाडौँ महानगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, बनकस, कवाडी माल र अन्य मृत वा मारिएका जीबजन्तुको हाड, सिङ्ग, प्वाँख, छाला जस्ता वस्तुको व्यावसायिक कारोबार गरेबापत अनुसूची–८ बमोजिमको कर लगाई असुलउपर गरिने छ ।

तर प्रचलित कानुनले निषेध गरिएकाको हकमा भने उल्लिखित व्यवस्था लागु हुने छैन ।

७. **<u>सवारी साधन कर</u>** : प्रदेश सरकारले तोकेबमोजिम बाँडफाँडबाट महानगरपालिकालाई प्राप्त हुने सवारी साधन करको आम्दानी बाँधिने छ ।

८. **<u>विज्ञापन कर</u>** : काठमाडौँ महानगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची–९ बमोजिमको दरमा विज्ञापन कर लगाई असुलउपर गरिने छ ।

९. **<u>मनोरञ्जन कर</u>** : काठमाडौँ महानगरपालिका क्षेत्रभित्र हुने र शुल्क लिई सञ्चालन गरिने जुनसुकै प्रकारको मनोरञ्जन व्यवसायमा प्रदेश सरकारले तोकेको दरमा मनोरञ्जन कर लगाई असुलउपर गरिने छ ।

१०. **<u>बहाल बिटौरी शुल्क</u>** : काठमाडौँ महानगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख, वा सञ्चालन गरेका वा सार्वजनिक ऐलानी पर्ती जग्गा वा भवनमा हाटबजार वा पसल वा विशेष मेला पर्वमा अनुसूची–१० मा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाई असुलउपर गरिने छ ।

११. **<u>सवारी साधन पार्किङ शुल्क</u>** : काठमाडौँ महानगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए बापत अनुसूची–११ बमोजिम सवारी साधन पार्किङ शुल्क लगाइ असुलउपर गरिने छ । साथै पार्किङ व्यवसाय सञ्चालन गर्ने व्यक्ति वा संस्थाले काठमाडौँ महानगरपालिकाबाट पूर्व-अनुमति लिएको हुनुपर्ने छ ।

१२. **<u>ट्रेकिङ्ग र ऱ्याफ्टिङ शुल्क</u>** : काठमाडौँ महानगरपालिका क्षेत्रभित्र ट्रेकिङ्ग र ऱ्याफ्टिङ सेवा वा व्यवसाय सञ्चालन गरेबापत अनुसूची–१२ बमोजिम शुल्क लगाई असुलउपर गरिने छ ।

१३. **सेवाशुल्क दस्तुर** : काठमाडौं महानगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची–१३ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भएबमोजिम शुल्क लगाई असुलउपर गरिने छ ।

१४. **पर्यटन शुल्क** : काठमाडौँ महानगरपालिकाले तोकेका स्थानहरूमा पर्यटक प्रवेश गर्दा अनुसूची–१४ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाइने छ ।

१५. **जरिवाना** : काठमाडौँ महानगरपालिका क्षेत्रभित्र निषेध गरिएका सार्वजनिक सडक तथा फुटपाथमा सवारी साधन पार्किङ वा व्यापार व्यवसाय गर्ने वा फोहरमैला तथा निर्माण सामग्रीबाट उत्सर्जित फोहोर एवम् प्रचलित कानुन विपरीतका कार्य गरेमा त्यस्तो सामान जफत गर्ने वा लिलामी गर्दा अनुसूची–१५ बमोजिम जरिवाना गरिने छ । साथै काठमाडौ महानगरपालिका, नगर कार्यपालिकाले समय समयमा यस ब्यवस्थामा थपघट, पुनरावलोकन गर्न सक्ने छ । कोभिड–१९ को प्रभावको कारण करदाताहरूबाट असुल हुन बांकी रहेको आर्थिक वर्ष २०७६/०७७ देखिको सबै प्रकारका कर बक्यौतामा लाग्ने जरिवानामा छुट हुने छ ।

१६. **घरजग्गा रजिस्ट्रेशन शुल्क** : काठमाडौँ महानगरपालिका क्षेत्रभित्रका घर जग्गा वा अन्य सम्पत्तिहरूको रजिष्ट्रेसन पारित गर्दा लाग्ने रजिस्ट्रेसन शुल्क प्रदेश सरकारले तोकेबमोजिम हुने छ ।

१७. **विभाज्य कोषसम्बन्धी व्यवस्था** : महानगरपालिकाले प्रचलित कानुनबमोजिम सङ्कलन गरी प्रदेश सरकारलाई हस्तान्तरण गर्नुपर्ने प्रकृतिका राजस्वहरू यस कोषमा जम्मा गरी तोकिएबमोजिम बाँडफाँड गरिने छ ।

१८. **सहकार्यमा राजस्व सङ्कलन गर्न सकिने** : कवाडी कर लगायतका राजस्व सङ्कलन गर्दा उपत्यकाका स्थानीय तहहरूका साथै अन्य सेवा प्रदायकहरूसँगको सहकार्य प्रभावकारी हुने देखिएमा नगर कार्यपालिकाले निर्णय गरी सहकार्यमा राजस्व सङ्कलन गर्न सक्ने छ ।

१९. **कर तथा शुल्क सङ्कलन कार्यविधि** : यस ऐनमा भएको व्यवस्था यसैबमोजिम र अन्यका हकमा यस ऐनसँग नबाझिने गरी कर तथा

शुल्क सङ्कलन सम्बन्धमा काठमाडौं महानगरपालिका, नगर कार्यपालिकाले तोकेबमोजिम हुने छ ।

२०. **अन्य व्यबस्था** : (१) काठमाडौ महानगरपालिकाका विभाग, वडा तथा अन्य कार्यालयहरूबाट सेवाप्रवाह गर्दा सेवाग्राहीले बुझाउनुपर्ने कर, शुल्क, दस्तुर तथा जरिवानालाई सेवासँग आबद्ध गरी अनिवार्य असुलउपर गरी सेवाप्रवाह गर्नुपर्ने छ ।

(२) वडा कार्यालयहरूबाट कर निर्धारण गरी असुल गर्दा वडाध्यक्ष वा निजले तोकेको वडा सदस्यको समन्वयमा गरिने छ ।

(३) अन्य स्थानीय तहमा कानुनबमोजिम दर्ता/नविकरण भएका कम्पनी, फर्म, सङ्घ संस्थाहरूले सार्वजनिक खरिद प्रक्रियामा सहभागी हुन काठमाडौं महानगरपालिकामा पुनः व्यवसाय दर्ता गर्नुपर्ने छैन ।

(४) महानगरपालिकाबाट सङ्कलन हुने राजस्व प्रणालीलाई ब्यवस्थित, प्रभावकारी र पारदर्शी बनाउन राजस्व सङ्कलन सफ्टवेयरलाई अद्यावधिक गरी लागु गरिने छ ।

(५) महानगरपालिकाबाट प्रवाह हुने सेवा प्राप्त गर्न तोकिएबमोजिमको शुल्क, दस्तुर बुझाएकोमा सेवा प्राप्त नगरेको वा करदाताले तिर्नु/बुझाउनुपर्ने रकम दाखिला गरेको तर कर निर्धारण भइ कागज प्रमाण प्राप्त नगरेको अवस्थामा सेवाग्राही वा करदाताले बुझाएको त्यस्तो रकमको हिसाब मिलान गर्न सेवाग्राही वा करदाताले मार्ग गरेमा बढीमा ५ (पाँच) आर्थिक वर्षभित्र हिसाव मिलान गरिने छ ।

(६) महानगरपालिका क्षेत्रभित्र भवन निर्माण गर्न नक्सा दरखास्त पेस गरी नक्सा पासबापत तोकिएको दस्तुर बुझाएकोमा कुनै कारणले नक्सा पास हुन नसकी सेवाग्राहीले सेवा प्राप्त नगरेको अवस्थामा दस्तुर बुझाएको मितिले तीन वर्षभित्र दस्तुर फिर्ता मार्ग गर्न आएमा दस्तुर बुझाएको रकमको पन्ध्र प्रतिशत कट्टा गरी नक्सा दरखास्तवालालाई बाँकी रकम महानगरपालिकाले फिर्ता गर्न सक्ने छ ।

२१. **यसै ऐनबमोजिम भएको मानिने** : यो ऐन जारी हुनु अघि भए गरेका व्यवस्थाहरू यसै ऐनबमोजिम भए/गरेको मानिने छ ।

२२. **नियम वा कार्यविधि बनाउन सक्ने :** काठमाडौं महानगरपालिका नगर कार्यपालिकाले यस ऐनमा भएका व्यवस्थाहरूलाई कार्यान्वयन गर्नका लागि आवश्यक नियम वा कार्यविधि बनाउन सक्ने छ ।

२३. **साबिकबमोजिम हुने :** यस ऐनमा उल्लिखित व्यवस्था यसैबमोजिम र उल्लिखित नभएको हकमा साबिकबमोजिम नै हुनेछ ।

२४. **बाधा अड्काउ फुकाउ :** यस ऐनको कार्यान्वयनको क्रममा कुनै बाधा आईपरेमा काठमाडौं महानगरपालिका नगर कार्यपालिकालाई बाधा अड्काउ फुकाउने अधिकार रहने छ ।

२५. **खारेजी :** साबिकमा काठमाडौं महानगरपालिकाले लागु गर्दै आएका व्यवस्थाहरू यस ऐनसँग प्रतिकुल देखिएमा प्रतिकुल भएको हदसम्म खारेज हुने छन् ।

# अनुसूची–१

## सम्पत्ति करको दर :

| भवन र जग्गाको मूल्य | जम्मा मूल्य | दर % | कर रु. | जम्मा रु. |
|---|---|---|---|---|
| पहिलो सुरुको रु.१ करोडमा | रु.१ करोड | ०.०१० | १००० | १००० |
| त्यसपछिको रु.१ करोडमा | रु.२ करोड | ०.०१५ | १५०० | २५०० |
| त्यसपछिको रु. १ करोडमा | रु.३ करोड | ०.०२० | २००० | ४५०० |
| त्यसपछिको रु.१ करोडमा | रु.४ करोड | ०.०४० | ४००० | ८५०० |
| त्यसपछिको रु. १ करोडमा | रु.५ करोड | ०.०६० | ६००० | १४५०० |
| त्यसपछिको रु.१ करोडमा | रु.६ करोड | ०.१०० | १०००० | २४५०० |
| त्यसपछिको रु.२ करोडमा | रु.८ करोड | ०.३०० | ६०००० | ८४५०० |
| त्यसपछिको रु.२ करोडमा | रु.१० करोड | ०.४५० | ९०००० | १७४५०० |
| त्यसपछि जतिसुकै भए पनि | रु.१० करोडभन्दा माथि | ०.६०० | | |

**स्पष्टीकरण :**

१. महानगरपालिकाद्वारा आफ्नो क्षेत्रभित्रको सम्पत्ति कर लाग्ने भवनको अनुसूची–२ र ३ र जग्गाको अनुसूची–४ मा उल्लेख भएको दरमा मूल्य निर्धारण गरी सो मूल्यमा अनुसूची–१ बमोजिम सम्पत्ति कर लगाई असुल गरिने छ। भवनको क्षेत्रफल कायम गर्दा स्वीकृत नक्सा र निर्माण भएको भवनको क्षेत्रफलमा फरक भएमा निर्माण भएको भवनको क्षेत्रफललाई आधार मानिने छ।

२. माथि बुँदा नं. १ बमोजिम सम्पत्ति कर लाग्ने भवन र जग्गाबाहेक भवन नभएको बाँकी जग्गामा अनुसूची–५ को दरमा भूमिकर (मालपोत) लगाई असुल गरिने छ।

३. कोभिड–१९ को कारण महानगरबासीमा परेको प्रभावलाई मध्यनजर गरी आर्थिक वर्ष २०७८/०७९ को पौष मसान्तभित्र सम्पत्ति कर दाखिला गरेमा यस आर्थिक वर्षमा लाग्ने सम्पत्ति करमा १० (दश) प्रतिशत छुट दिइनेछ। तर घर जग्गा कर वा सम्पत्ति करको बक्यौताको हकमा त्यस्तो छुट दिइने छैन।

४. कोभिड–१९ को प्रभावले होटल, पर्यटन र चलचित्र क्षेत्रमा पर्न गएको असरलाई मध्यनजर गरी होटल, रिसोर्ट वा चलचित्र घरको नाममा घर जग्गा भई वा लिजमा लिई होटेल, रिसोर्ट वा चलचित्र घर निर्माण गरी सञ्चालन नभएको करदाताको हकमा आर्थिक वर्ष २०७७/७८ सम्मको घरजग्गा

कर/सम्पत्ति कर चुक्ता गरेमा आर्थिक वर्ष २०७८/७९ को सम्पत्ति करमा थप ८० (असी) प्रतिशत छुट हुने छ ।

५. सर्वसाधारणहरूको सवारी साधन पार्किङ प्रयोजनका लागि व्यावसायिक रुपमा निर्माण गरिने भवनको हकमा भवन निर्माण सम्पन्न भएको मितिले पाँच वर्षसम्म सम्पत्ति कर छुट हुने छ ।

६. काठमाडौँ महानगरपालिका क्षेत्रभित्र दुई वा दुईभन्दा बढी स्थानमा सम्पत्ति कर बुझाउनुपर्ने सम्पत्ति भएका करदाताले सबै सम्पत्तिको विवरण सम्पत्ति रहेको कुनै वडा कार्यालय वा राजस्व विभागमा पेस गरी कर दाखिला गर्नुपर्ने छ । कुनै करदाताको संयुक्त सम्पत्ति भएमा लालपूर्जा वा लिखतमा उल्लेख भएको सम्पत्तिको अंशको आधारमा छुट्टा छुट्टै सम्पत्ति मानी सम्पत्ति कर लिनुपर्ने छ ।

७. भवनको नक्सा पास भएको मितिले दुई वर्षसम्मको अवधिलाई निर्माण अवधि मानी सो अवधिको सम्पत्ति कर छुट हुने छ । तर, कसैले निर्माण अवधिभन्दा अगावै भवन निर्माण कार्य सम्पन्न गरी महानगरपालिकाबाट भवन निर्माण सम्पन्नताको प्रमाण पत्र जारी भएमा सोही आर्थिक वर्षदेखि सम्पत्ति कर लाग्ने छ ।

८. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ बमोजिम कर छुट माग गर्ने करदाताहरूको सम्पत्तिको उपयोग व्यावसायिक प्रयोजनमा भएको भए सम्पत्ति कर बुझाउनुपर्ने छ ।

# अनूसुची–२

## भवनको मूल्याङ्कन दर

भवनको बनोटको आधारमा भवनको मूल्याङ्कन दर देहायबमोजिम कायम गरिएको छ :

| क्र.सं. | भवनको प्रकार/बनोट | भवनको मूल्याङ्कन दर प्रति वर्गफिट रु. |
|---|---|---|
| १ | भित्र काँचो बाहिर पाको इट्टामा माटोको जोडाइ भएको भवन र काठबाट बनेका भवन | १,५०० |
| २ | भित्र बाहिर पाको इट्टा वा ढुङ्गा र माटोको जोडाइ भएको सबै किसिमको भवन | १,८०० |
| ३ | प्रिफ्याब भवन, गोदाम भवन | १,८०० |
| ४ | भित्र बाहिर पाको इट्टा र सिमेन्टको जोडाइ भएको भवन | २,३०० |
| ५ | स्टील स्ट्रक्चर (ट्रस)भवन | २,४०० |
| ६ | आर.सी.सी फ्रेम स्ट्रक्चर भवन | २,६०० |

## अनूसुची–३

## भवनको ह्रास कट्टी प्रतिशत र ह्रास कट्टी गर्ने अवधि

भवनको बनोट र सोमा ह्रास कट्टी गर्ने तरिका समान ह्रास कट्टी पद्धति (Straight Line Method) अनुसार हुने छ । यसको गणना देहायबमोजिम गरिने छ :

| क्र.सं. | भवनको प्रकार/बनोट | वार्षिक ह्रास | ह्रासकट्टी अवधि |
|---|---|---|---|
| १ | भित्र काँचो बाहिर पाको इट्टामा माटोको जोडाई भएको भवन र काठबाट बनेका भवन | ३% | २५ वर्ष |
| २ | भित्र बाहिर पाको इट्टा वा ढुङ्गा र माटोको जोडाई भएको सबै किसिमको भवन | २% | ३५ वर्ष |
| ३ | प्रीफायब भवन, गोदाम भवन | ३% | २५ वर्ष |
| ४ | भित्र बाहिर पाको इट्टा र सिमेन्टको जोडाई भएको भवन | १.५% | ५० वर्ष |
| ५ | स्टील स्टक्ट्रचर (ट्रस) भवन | २% | ३५ वर्ष |
| ६ | आर.सी.सी फ्रेम स्ट्रक्चर भवन | १% | ७५ वर्ष |

# अनूसुची–४

## सम्पत्ति कर प्रयोजनको लागि जग्गाको प्रतिआना दर

काठमाडौँ महानगरपालिका क्षेत्रभित्रका प्रमुख सडक एवम् सडकको दायाँबायाँका जग्गाहरूको सम्पत्ति कर मूल्याङ्कन प्रयोजनको लागि कायम गरिएको प्रति आना जग्गाको मूल्य :

| सि.नं. | विवरण | मूल्य प्रतिआना (३१.७९ व.मि.) रु. |
|---|---|---|
| १ | मनोहरापुल, अरनिको राज मार्ग, चक्रपथ (रिङरोड) तीनकुने, गैह्रीगाउं, सिनामंगल तिलगङ्गा, गौशाला, मित्रपार्क हुँदै चावहिल मालपोत कार्यालयको सीमानासम्मको मूल सडकसँग जोडिएका दायाँबायाँका जग्गाहरू । | २८,००,००० |
| २ | बालकुमारी पुलदेखि कोटेश्वर हुँदै तिनकुने मिनभवन, नयाँ बानेश्वर, बिजुली बजार, थापाथली, त्रिपुरेश्वर हुँदै विष्णुमति पुलसम्मका मूल सडकसँग जोडिएका दायाँबायाँका जग्गाहरू । | ३२,००,००० |
| ३ | बनस्थली, बालाजू, गोंगबु, महाराजगंज (नारायणगोपाल चोक), धूम्बाराही, धोबिखोला पुल (चक्रपथ मूल सडक) संग जोडिएका दायाँबायाँका जग्गाहरू । | २८,००,००० |
| ४ | नयाँ बानेश्वर चोकदेखि | ३२,००,००० |
| ५ | नयाँ बानेश्वर कान्तिपूर डेन्टल हस्पिटल चोक, रत्नराज्य स्कुल पुरानो बानेश्वर चोकसम्मका मूल सडकसँग जोडिएका दायाँबायाँका जग्गाहरू । | २८,००,००० |
| ६ | पुरानो बानेश्वर चोकदेखि गौशाला चोकसम्मका मूलबाटासँग जोडिएका दायाँबायाँका जग्गाहरू । | ३२,००,००० |
| ७ | माइतिघर मण्डला पूरातत्व विभागबाट पूर्व, सिंहदरबार दक्षिणगेट हनुमान स्थानसम्मको मूल बाटोमा जोडिएका दायाँबायाँका जग्गाहरू । | ३२,००,००० |
| ८ | पुरानो बानेश्वर चोकदेखि भीमसेनगोला चोक हुँदै सिनामंगल वाग्मती पुल हुँदै के.एम.सी. हस्पीटल चक्रपथसम्मका मूलबाटासँग जोडिएका दायाँबायाँका जग्गाहरू । | ३०,००,००० |

| सि.नं. | विवरण | मूल्य प्रतिआना (३१.७९ व.मि.) रु. |
|---|---|---|
| ९ | सि.नं. १देखि ८सम्मका सहायक बाटोमा परेका जग्गाहरूको हकमा<br>क) सहायक पिच<br>ख) कच्ची मोटर बाटो<br>ग) गोरेटो | अनुसूचीको अन्त्यमा (क) र (ख) मा उल्लेख भएबमोजिम सम्बन्धित क्षेत्रको बाटोमा छुट दिने । |
| १० | शान्तिनगर गेटबाट उत्तर, गणेश मन्दिर, ओमशान्ति चोक, नगेन्द्र कान्छा चोक, कारेश्वर मन्दिर हुँदै वाग्मती पुलसम्मका मूलबाटासँग जोडिएका जग्गाहरू (कारेश्वर मार्ग), मीनभवन नेपाल कोरिया मेडिकल सेन्टरको पूर्वपट्टिबाट उत्तर प्रयाग मार्ग चोक हुँदै सिनामंगल वागमती पुलसम्म (प्रयाग मार्ग), मीनभवन नापी विभाग दोबाटोबाट उत्तर एन.के.सी मार्ग, भीमसेनगोला मार्ग हुँदै ठूलो खरिबोटबाट उत्तर विश्रान्ति पार्टी प्यालेस, कात्यायनी चोक हुँदै उत्तर भीमसेनगोला ३१ नं. वडा कार्यालयसम्मका दायाँबायाँका जग्गाहरूको र भीमसेनगोला मार्गबाट ग्लोबल कलेज हुँदै मध्य वानेश्वरको पीपलबोटसम्म (वासुकी मार्ग) का दायाँबायाँका जग्गाहरू । | १८,००,००० |
| ११ | मिनभवन हेभि इक्युपमेन्ट कार्यालय, इ.पी.एस. स्कुल, सहकारी प्रशिक्षण केन्द्र, काठमाडौं प्रज्ञाकुन्ज, सँगमचोक, मिलनचोक हुँदै कात्यायनी चोकसम्मको मूलबाटोका दायाँबायाँ तथा मिलनचोकबाट ह्वाइट हाउस कलेजसम्म (बलभद्र मार्ग), सँगमचोकबाट पञ्चकुमारी मन्दिर हुँदै बानेश्वर निस्कने बाटोका दायाँबायाँ जग्गाहरू । | १८,००,००० |
| १२ | ट्रलिबसको कार्यालयदेखि, तरकारी बजार हुँदै कान्तिपुर डेन्टल हस्पिटल (सम्मेलन केन्द्रको पश्चिम र उत्तरपट्टिको सडक) का मूल सडकसँग जोडिएका जग्गाहरू । नयाँबानेश्वरको भरोसा अस्पतालबाट पश्चिम चेल्सी विद्यालय, पञ्चकुमारी श्रद्धास्थलबाट दक्षिण हुँदै बानेश्वर ब्याङ्केट अगाडिसम्म (लाखेचौर मार्ग)सँग जोडिएका दायाँबायाँका जग्गाहरू । रत्नराज्यलक्ष्मी उ.मा.वि. बाट पश्चिम सहभागिता मार्ग, चांदनीनगर हुँदै धोबीखोलासम्मको मूल सडकसँग जोडिएका दायाँबायाँका जग्गाहरू । | २०,००,०००<br>१८,००,००० |

| सि.नं. | विवरण | मूल्य प्रतिआना (३१.७९ व.मि.) रु. |
|---|---|---|
| १३ | नयाँबानेश्वर चोकदेखि दक्षिण गोल्छा हाउस हुँदै शंखमूलपुलसम्मको मूलबाटासँग जोडिएका दायाँबायाँका जग्गाहरू । | २०,००,००० |
| १४ | नयाँबानेश्वर कृष्ण टावर (बुद्धनगर मार्ग),बुद्धनगर प्रहरी कार्यालय, ह्यास्म्स अस्पताल हुँदै शंखमूलसम्मको मूल सडकसँग जोडिएका मध्य मार्ग, भावना मार्ग, बुद्ध मार्ग, श्वेत विनायक मार्ग, श्रम मार्ग दायाँबायाँका जग्गाहरू । | १८,००,००० |
| १५ | जिल्ला प्रशासन कार्यालय, काठमाडौँ अगाडिको मूल सडकसँग जोडिएका दायाँबायाँका जग्गाहरू । | ३२,००,००० |
| १६ | अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको दक्षिणगेटबाट नेपाल कमर्स क्याम्पस हुँदै श्रीनगर टोल, श्रीनगर मार्ग, यातपौ मार्ग, गणेश मार्गसम्मका मूल बाटोसँग जोडिएका दायाँबायाँका जग्गाहरू । | १८,००,००० |
| १७ | तीनकुने शान्तिनगरको वाग्मतीपुलदेखि पश्चिमतर्फबाट उत्तर जाने पिच बाटो (ज्ञानपुञ्ज मार्ग) दायाँबायाँका जग्गाहरू । | १८,००,००० |
| १८ | सि.नं. १० देखि १७ सम्मका सहायक बाटोमा परेका जग्गाहरूको हकमा<br>क) सहायक पिच<br>ख) कच्ची मोटर बाटो<br>ग) गोरेटो बाटो | अनुसूचीको अन्त्यमा (क) र (ख) मा उल्लेख भएबमोजिम सम्बन्धित क्षेत्रको बाटोमा छुट दिने । |
| १९ | भी.एस.निकेतन, बानेश्वर प्रहरी कार्यालयदेखि वागमती नदी किनारको बाटो र मनोहरा नदी किनारको बाटो दायाँबायाँका जग्गाहरू । | १८,००,००० |
| २० | काटेश्वर प्रहरी कार्यालयबाट पश्चिम जाने सेती ओपी मार्ग, काटेश्वरबाट पश्चिम कोटीविनायक मन्दिर हुँदै महादेवस्थान जाने महादेवस्थान मार्ग, सहयोगीनगर मार्ग, कान्तिपुर हस्पिटलबाट दक्षिण जाने श्रीगणेश मार्ग, कान्तिपुर पब्लिकेसन हुँदै दक्षिण पूर्व ह्वाइट गोल्ड इन्टरनेसनल कलेज हुँदै निस्कने कान्तिपुर मार्ग, तिनकुने मुनिभैरव कम्प्लेक्सको उत्तरपश्चिमबाट पश्चिम जाने सुविधा मार्ग, कुसुम मार्ग, वासुकीनगर मार्ग, मुनि भैरव मार्ग र एस.ओ.एस. बालग्रामको | १८,००,००० |

| सि.नं. | विवरण | मूल्य प्रतिआना (३१.७९ व.मि.) रु. |
|---|---|---|
| | बाटाहरूका दायाँबायाँका जग्गाहरू । | |
| २१ | थापाथली, प्रसुतिगृह, बनस्पति विभाग, भूमिसुधार तथा व्यवस्थापन विभाग, मूल बाटासँग जोडिएका दायाँबायाँका जग्गाहरू । | २०,००,००० |
| २२ | माइतिघर, सेन्टजेभियर कलेज, UMN, वनस्पति विभागसम्मको मूल सडकसँग जोडिएका दायाँबायाँका जग्गाहरू । | २०,००,००० |
| २३ | सि.नं.१९देखि २२सम्मका सहायक बाटोमा परेका जग्गाहरूको हकमा<br>क) सहायक पिच<br>ख) कच्ची मोटर बाटो<br>ग) गोरेटो बाटो | अनुसूचीको अन्त्यमा (क) र (ख) मा उल्लेख भएबमोजिम सम्बन्धित क्षेत्रको बाटोमा छुट दिने । |
| २४ | पुरानो बानेश्वर चोक, मैतिदेवी, विजयस्मारक स्कुल, कालिकास्थान हुँदै सिंहदरबार उत्तर अनामनगर जाने बाटोसंग जोडिएका जग्गाहरू र मैतिदेविचोकदेखि उत्तर ज्ञानेश्वर मोडसम्मका मूलबाटासँग जोडिएका दायाँबायाँका जग्गाहरू । | २८,००,००० |
| २५ | डिल्लीबजार पुतलीसडक जोड्ने (ओरालो) बाटासँग जोडिएका दायाँबायाँका जग्गाहरू । | ३०,००,००० |
| २६ | डिल्लीबजार पीपलबोट २९ नं. वडा कार्यालयबाट दक्षिण घट्टेकुलो चोकसम्म (घट्टेकुलो मार्ग) बाटासँग जोडिएका दायाँबायाँका जग्गाहरू । | २०,००,००० |
| २७ | कालिकास्थानबाट दक्षिण बांसघारी चोकबाट पूर्व गोश्वारा मार्ग हुँदै घट्टेकुलो चोकसम्म र कालिकास्थान गोश्वारा चोकबाट अनामगर जाने पासाङल्हामु मार्ग बाटासँग जोडिएका दायाँबायाँका जग्गाहरू । | २०,००,००० |
| २८ | मैतीदेवी चोकबाट दक्षिण घट्टे कुलो चोक, घट्टेकुलो चोकबाट पूर्व हुँदै दक्षिण अनामनगर जाने (वीरेन्द्र मार्ग), घट्टेकुलो चोकबाट पूर्व लालीगुराँस मार्ग, भृकुटी मार्ग, हिमाल मार्ग, नमुना मार्ग, नमुनानगर, पाथीभरा मार्ग हुँदै मैतिदेवी सेतोपुल पेट्रोल पम्पसम्म बाटासँग जोडिएका दायाँबायाँका जग्गाहरू । | १८,००,००० |
| २९ | अनामनगर सिंहदरबार पूर्वगेटबाट धोबीखोला पुलसम्म जाने बाटोमा जोडिएका दायाँबायाँका जग्गाहरू । | २०,००,००० |

| सि.नं. | विवरण | मूल्य प्रतिआना (३१.७९ व.मि.) रु. |
|---|---|---|
| ३० | सिंहदरबार उत्तर कालिकास्थानबाट आएको बाटो जोडिएको स्थानदेखि, अनामनगर, हनुमानस्थान, थापागाउ हुँदै नयाँ बानेश्वर सम्मेलन केन्द्रको पश्चिम गेटसम्मको मूल बाटासँग जोडिएका जग्गाहरू र सोही स्थानदेखि पश्चिम पुतलीसडकसम्मको मूलबाटासँग जोडिएका दायाँबायाँका जग्गाहरू । | २८,००,००० |
| ३१ | गौशाला चोकबाट रातोपुलहुँदै ज्ञानेश्वर, सिटी सेन्टर, कमलपोखरी, कृष्णपाउरोटीसम्मको मूल सडकसँग जोडिएका दायाँबायाँका जग्गाहरू । | २८,००,००० |
| ३२ | कमलपोखरी चोक, डिल्लीबजार हुलाक सेवा विभाग (राममन्दिर)सम्मको मूलबाटोसँग जोडिएका दायाँबायाँका जग्गाहरू । | २८,००,००० |
| ३३ | कमलादीभित्रका (कुल रत्न मार्ग, प्रज्ञा मार्ग र भीमनिधि मार्ग) को सडकसँग जोडिएका दायाँबायाँका जग्गाहरू । | ३०,००,००० |
| ३४ | सि.नं. २४ देखि ३३ सम्मका सहायक बाटोमा परेका जग्गाहरूको हकमा<br>क) सहायक पिच<br>ख) कच्ची मोटर बाटो<br>ग) गोरेटो बाटो | अनुसूचीको अन्त्यमा (क) र (ख) मा उल्लेख भएबमोजिम सम्बन्धित क्षेत्रको बाटोमा छुट दिने । |
| ३५ | सिटी सेन्टरबाट दक्षिण जाने बाटो, कुमारी हल, पुतलीसडक जोडने मूलबाटासँग जोडिएका दायाँबायाँका जग्गाहरू । | २०,००,००० |
| ३६ | कमलपोखरी, किस्टकलेज हुदै नक्साल चौर जाने मूलबाटासँग जोडिएका दायाँबायाँका जग्गाहरू । | २४,००,००० |
| ३७ | कमलपोखरी, एनआइडिसी क्यापिटल मार्केट्ससम्मको मूलबाटासँग जोडिएका दायाँबायाँका जग्गाहरू । | २८,००,००० |
| ३८ | सामाखुशी चोक, नवजीवन कलेज, कपुरधारा चोक, गल्को पाखा हुँदै लैनचौरसम्मको मूलबाटासँग जोडिएका दायाँबायाँका जग्गाहरू । | २४,००,००० |
| ३९ | मित्रपार्कदेखि गुह्येश्वरी मार्ग, खरिबोट कुमारी मार्ग, गौरीघाट मार्ग, पशुपति सडकका मूलबाटासँग जोडिएका दायाँबायाँका जग्गाहरू । | १८,००,००० |

| सि.नं. | विवरण | मूल्य प्रतिआना (३१.७९ व.मि.) रु. |
|---|---|---|
| ४० | सि.नं. ३५ देखि ३९ सम्मका सहायक बाटोमा परेका जग्गाहरूको हकमा<br>क) सहायक पिच<br>ख) कच्ची मोटर बाटो<br>ग) गोरेटो बाटो | अनुसूचीको अन्त्यमा (क) र (ख) मा उल्लेख भए मोजिम सम्बन्धित क्षेत्रको बाटोमा छुटदिने । |
| ४१ | लैनचौर चोकदेखि, होटल र्‍याडिसन, पानीपोखरी, टिचिङ, नारायणगोपाल चोकसम्मका मूलबाटासँग जोडिएका दायाँबायाँका जग्गाहरू । | ३२,००,००० |
| ४२ | भाटभटेनी सुपरमार्केट, विशालनगर, चण्डोल | २८,००,००० |
| ४३ | मित्रपार्क, कालोपुल, सानो गौचरन नक्सालहुँदै हात्तिसारसम्मको मूल सडकसँग जोडिएका जग्गाहरू । नक्साल भगवतीबहालदेखि दूरसञ्चार हुँदै प्रहरी पेट्रोल पम्प, नन्दी मा.वि. हुँदै नागपोखरीसम्मको मूलबाटासँग जोडिएका जग्गाहरू । नारायणहिटी सङ्ग्रहालयको पूर्व र उत्तर पर्खालको वरिपरिको बाटासँग जोडिएका दायाँबायाँका जग्गाहरू । | २८,००,००० |
| ४४ | कालोपुलबाट उत्तर हिरारत्न सिनेमा, जेभियर्स कलेज हुँदै भत्केको पुलसम्म बाटासँग जोडिएका दायाँबायाँका जग्गाहरू । | १८,००,००० |
| ४५ | प्रहरी तालिमकेन्द्र चोकबाट बालुवाटार, भाटभटेनी, नक्सालहुँदै कमलपोखरी चोक (मारवाडी सेवा सदन)सम्मको मूलबाटोसँग जोडिएका दायाँबायाँका जग्गाहरू । | २६,००,००० |
| ४६ | सानो गौचरण हुँदै उत्तर गहनापोखरी, टंगाल, हाँडीगाउं मन्दिरदेखि धुम्बाराही हुँदै चक्रपथसम्म जोडिने धुम्बाराही मार्ग र प्रगति टोल मार्गका मूल सडकसँग जोडिएका दायाँबायाँका जग्गाहरू । | २४,००,००० |
| ४७ | ज्ञानेश्वर भैरव मन्दिर (जर्मन दुतावास) पूर्वपट्टिको जग्गा | २४,००,००० |
| ४८ | नेपाल राष्ट्र बैङ्क बालुवाटारदेखि लाम्टांगीन हुँदै चक्रपथ सम्म जोडिने लाम्टांगीन मार्गकोमूल सडकसँग जोडिएका दायाँबायाँका जग्गाहरू | २६,००,००० |
| ४९ | सि.नं. ४१देखि ४८ सम्मका सहायक बाटोमा परेका जग्गाहरूको हकमा<br>क) सहायक पिच | अनुसूचीको अन्त्यमा (क) र (ख) मा उल्लेख भएबमोजिम |

| सि.नं. | विवरण | मूल्य प्रतिआना (३१.७९ व.मि.) रु. |
|---|---|---|
| | ख) कच्ची मोटर बाटो<br>ग) गोरेटो बाटो | सम्बन्धित क्षेत्रको बाटोमा छुट दिने । |
| ५० | चक्रपथबाहिर (जन मार्ग, मनमोहन मार्ग, शक्ति मार्ग, शिवप्रिय मार्ग, रारा मार्ग, साईबाबा मार्ग, एराहिटी मार्ग, बुद्ध मार्ग, नयाँ कोलोनी मार्ग, मिलीजुली मार्ग, शंख मार्ग, सिर्जनशील मार्ग) का मूल सडकसँग जोडिएका दायाँबायाँका जग्गाहरू । | १६,००,००० |
| ५१ | सि.नं. ५० को सहायक बाटोमा परेका जग्गाहरूको हकमा<br>क) सहायक पिच<br>ख) कच्ची मोटर बाटो<br>ग) गोरेटो बाटो | अनुसूचीको अन्त्यमा (क) र (ख) मा उल्लेख भएबमोजिम सम्बन्धित क्षेत्रको बाटोमा छुट दिने । |
| ५२ | सुन्धारा चोक, भोटेबहाल हुदै टेकु जोड्ने सडक, काठमाडौं व्यापारिक मार्ग, जैसीदेवल, ओमबहाल हुँदै बसन्तपूर दरबार स्क्वायरसम्मको बाटासँग जोडिएका दायाँबायाँका जग्गाहरू | ३०,००,००० |
| ५३ | परोपकार केन्द्र, भीमसेनस्थान, काष्ठमण्डप, मरु, यट्खा, नरदेवी, न्ह्यःखा हुँदै क्षेत्रपाटीसम्मका मूलबाटासँग जोडिएका दायाँबायाँका जग्गाहरू । | ३०,००,००० |
| ५४ | सोह्राखुट्टे ओरालो चोकदेखि पिपल्स क्याम्पस, तिब्बतीयन गेष्ट हाउस हुँदै क्षेत्रपाटी चोकसम्मको मूलबाटोसँग जोडिएका दायाँबायाँका जग्गाहरू । | ३०,००,००० |
| ५५ | क्षेत्रपाटी चोकबाट पिपल्स क्याम्पसहुँदै सोह्रखुट्टे चोकसम्मको मूल सडकसँग जोडिएका दायाँबायाँका जग्गाहरूको । | ३०,००,००० |
| ५६ | खानी तथा भूगर्भ विभागबाट भारतीय दुतावास मूल गेटसम्मको मूलबाटासँग जोडिएका दायाँबायाँका जग्गाहरू । | ३०,००,००० |
| ५७ | क्षेत्रपाटी चोक, ढल्कोहुँदै विष्णु मती पुलसम्म, क्षेत्रपाटी चोकदेखि १७ वडा कार्यालय धोबीचौर हुँदै ढल्कोसम्मका मूलबाटोसँग जोडिएका दायाँबायाँका जग्गाहरू । | २२,००,००० |
| ५८ | असन, बांगेमुढा हुँदै न्ह्यःखासम्मको मूलबाटोसँग जोडिएका दायाँबायाँका जग्गाहरू । | २२,००,००० |

| सि.नं. | विवरण | मूल्य प्रतिआना (३१.७९ व.मि.) रु. |
|---|---|---|
| ५९ | सि.नं. ५२ देखि ५८ सम्मका सहायक बाटोमा परेका जग्गाहरूको हकमा<br>क) सहायक पिच<br>ख) कच्ची मोटर बाटो<br>ग) गोरेटो बाटो | अनुसूचीको अन्त्यमा (क) र (ख) मा उल्लेख भएबमोजिम सम्बन्धित क्षेत्रको बाटोमा छुट दिने । |
| ६० | हनुमानढोका पूर्व नयाँसडक, पुरानो महानगरपालिका भवनको दक्षिण चोकबाट जुद्धशमशेर सालिक हुँदै ईन्द्रचोकसम्म, न्युरोड पीपलबोटदेखि दक्षिण आर.बी.कम्प्लेक्स चोक पश्चिम पुरानो महानगरपालिका भवन चोकसम्म, न्युरोड खिचापोखरी, धरहरासम्मको मूल सडकसँग जोडिएका दायाँबायाँका जग्गाहरू । | ५०,००,००० |
| ६१ | नयाँ सडक गेटबाट उत्तर हुँदै महाबौद्ध (चिकं अटः) गणेशस्थानसम्म (भौंसीको मार्ग) सडकसँग जोडिएका दायाँबायाँका जग्गाहरू । | ३६,००,००० |
| ६२ | चिकं अटःदेखि इन्द्रचोकसम्म (ओटु मार्ग) सडकसँग जोडिएका दायाँबायाँका जग्गाहरू । | ३६,००,००० |
| ६३ | दुगमबहिलभौंसीको दोबाटोबाट पश्चिम साबिकको रंजनाहलको गेटसम्म (प्यूखा मार्ग, फसिकेव मार्ग) र नयाँ सडक पीपलबोट दोबाटोदेखि उत्तर साबिकको रंजना सिनेमा हलसम्म (रंजना मार्ग) सडकसँग जोडिएका दायाँबायाँका जग्गाहरू । | ३६,००,००० |
| ६४ | साबिकको रंजना हलबाटपश्चिम हुँदै इन्द्रचोक निस्कने फसिकेव मार्ग सडकसँग जोडिएका दायाँबायाँका जग्गाहरू । | ३०,००,००० |
| ६५ | प्यूखा दोबाटोबाट गुच्चाः हुँदै ओटु पुग्ने बाटो (गुच्चाः मार्ग) सडकसँग जोडिएका दायाँबायाँका जग्गाहरू । | ३०,००,००० |
| ६६ | भौंसीको (महाबौद्ध) बाट कान्तिपथ छूने (वीर अस्पताल र ट्रमा सेन्टरको बिचको महाँकाल मन्दिर निस्कने) सडकसँग जोडिएका दायाँबायाँका जग्गाहरू । | ३०,००,००० |
| ६७ | केशरमहल प्रवेशद्धारदेखि पश्चिम ठमेल मूलचोक हुँदै क्षेत्रपाटी चोकसम्मको मूलबाटोमा जोडिएका जग्गाहरू, हनुमान ढोका, जिल्ला प्रहरी कार्यालय पूर्व सुरज | ५०,००,००० |

| सि.नं. | विवरण | मूल्य प्रतिआना (३१.७९ व.मि.) रु. |
| --- | --- | --- |
| | आर्केड, इन्द्रचोक, असन हुँदै भोटाहिटी चोकसम्म, असन चोकदेखि जमल राष्ट्रिय नाचघरसम्म र सोदेखि पूर्व विश्वज्योति हल हुँदै तीनधारा पाठशालासम्म मूलबाटोसँग जोडिएका, महेन्द्र सालिकदेखि काठमाडौँ प्लाजासम्म मूल सडकसँग जोडिएका दायाँबायाँका जग्गाहरू । | |
| ६८ | माइतीघर, सिंहदरबार पश्चिमगेट, पुतलीसडक, कृष्ण पाउरोटी, हात्तीसार, जयनेपाल, कान्तिपथ जमल, दरबार मार्ग र घण्टाघरदेखि कमलादी मोडसम्मका मूल सडकसँग जोडिएका दायाँबायाँका जग्गाहरू । | ५०,००,००० |
| ६९ | जमल, रानीपोखरी, वीर अस्पताल, नेपाल वायुसेवा निगम, गोश्वरा हुलाक, त्रिपुरेश्वरसम्मको मूल सडकसँग जोडिएका दायाँबायाँका जग्गाहरू । | ५०,००,००० |
| ७० | रत्नपार्क, पुरानो बसपार्क, शहीदगेट हुँदै सून्धारा चोकसम्म, सिंहदरबार पश्चिमगेट हुँदै भद्रकालीसम्मका मूलबाटोसँग जोडिएका दायाँबायाँका जग्गाहरू । | ५०,००,००० |
| ७१ | पुतलीसडक, बागबजार, रत्नपार्कसम्मको मूल सडकसँग जोडिएका दायाँबायाँका जग्गाहरू । | ४०,००,००० |
| ७२ | पुतलीसडक कुमारी बैङ्क चोकदेखि पुरानो बसपार्कसम्मको (शुक्रपथ) मूलबाटो, पद्मोदय मोडदेखि सभागृह चोकसम्मको मूलबाटोसँग जोडिएका दायाँबायाँका जग्गाहरू । | ४०,००,००० |
| ७३ | सि.नं. ६० देखि ७२ सम्मका सहायक बाटोमा परेका जग्गाहरूको हकमा<br>क) सहायक पिच<br>ख) कच्ची मोटर बाटो<br>ग) गोरेटो बाटो | अनुसूचीको अन्त्यमा (क) र (ख) मा उल्लेख भएबमोजिम सम्बन्धित क्षेत्रको बाटोमा छुट दिने । |
| ७४ | केशरमहल उत्तरतर्फको पर्खालबाट पश्चिम लैनचौर हुँदै सोह्रखुट्टे चोकसम्म, मूल सडकसँग जोडिएका दायाँबायाँका जग्गाहरू । | २६,००,००० |
| ७५ | सोह्रखुट्टेचोकदेखि बालाजु रिङरोड चोकसम्मको मूलबाटोसँग जोडिएका जग्गाहरू र सोह्रखट्टे चोकदेखि दक्षिण इन्द्रायणी मन्दिर (क्षेत्रपाटी बाट आएको बाटो जोडिएको) चोकसम्मको मूलबाटासँग जोडिएका दायाँबायाँका जग्गाहरू । | २६,००,००० |

| सि.नं. | विवरण | मूल्य प्रतिआना (३१.७९ व.मि.) रु. |
|---|---|---|
| ७६ | अमृत साइन्स कलेज (ठमेल गल्कोपाखा छुट्याउने चोक) देखि र दुग्ध विकास संस्थानदेखि सामाखुशी हुँदै रिङरोड चोकसम्मको बाटोको दायाँबायाँका जग्गाहरू । | २८,००,००० |
| ७७ | सि.नं. ७४ देखि ७६सम्मका सहायक बाटोमा परेका जग्गाहरूको हकमा<br>क) सहायक पिच<br>ख) कच्ची मोटर बाटो<br>ग) गोरेटो बाटो | अनुसूचीको अन्त्यमा (क) र (ख) मा उल्लेख भएबमोजिम सम्बन्धित क्षेत्रको बाटोमा छुट दिने । |
| ७८ | नारायण गोपाल चोक (चक्रपथ) देखि उत्तर शहीद गङ्गालाल हृदयरोग प्रतिष्ठान हुँदै चावहिल मालपोत कार्यालयको कार्यक्षेत्रको सीमानासम्मको मूल सडकसँग जोडिएका दायाँबायाँका जग्गाहरूको । | २२,००,००० |
| ७९ | बालाजु रिङरोड चोकदेखि औद्योगिक क्षेत्र हुँदै बाइपास चोकसम्म, बाइपास चोकदेखि चक्रपथ माछापोखरी चोकसम्म मूलबाटासँग जोडिएका दायाँबायाँका जग्गाहरू । | २२,००,००० |
| ८० | चःमति जग्गा एकीकरण आयोजनाको मूल सडकसँग जोडिएका दायाँबायाँका जग्गाहरू । | २२,००,००० |
| ८१ | सि.नं. ७८ देखि ८० सम्मका सहायक बाटोमा परेका जग्गाहरूको हकमा<br>क) सहायक पिच<br>ख) कच्ची मोटर बाटो<br>ग) गोरेटो बाटो | अनुसूचीको अन्त्यमा (क) र (ख) मा उल्लेख भएबमोजिम सम्बन्धित क्षेत्रको बाटोमा छुट दिने । |
| ८२ | नयाँब जार नगरविकास आयोजनाको मूलपिच सडकसँग जोडिएको दायाँबायाँका जग्गाहरू । | २०,००,००० |
| ८३ | नगर विकास आयोजनाको (आयोजना सम्पन्न भएको खण्डमा मात्र)<br>क) पिचबाटो<br>ख) कच्ची मोटर बाटो<br>ग) गोरेटो<br>३) बाटो नभएको | अनुसूचीको अन्त्यमा (क) र (ख) मा उल्लेख भएबमोजिम सम्बन्धित क्षेत्रको बाटोमा छुट दिने । |
| ८४ | वाग्मती र विष्णुमती करिडोर क्षेत्रको सडकसँग जोडिएका दायाँबायाँका जग्गाहरू । | १८,००,००० |

| सि.नं. | विवरण | मूल्य प्रतिआना (३१.७९ व.मि.) रु. |
|---|---|---|
| ८५ | धोबिखोला करिडोर सडकसँग जोडिएका जग्गाहरू । | १८,००,००० |
| ८६ | कोटेश्वर जडिबूटी चोकदेखि उत्तर पेप्सीकोला चोक हुँदै मनोहरा पुलसम्मको मूल सडकसँग जोडिएका दायाँबायाँका जग्गाहरू । | १६,००,००० |
| ८७ | सि.नं. ८६ को सहायक बाटोमा परेका जग्गाहरूको हकमा<br>क) सहायक पिच<br>ख) कच्ची मोटर बाटो<br>ग) गोरेटो | अनुसूचीको अन्त्यमा (क) र (ख) मा उल्लेख भएबमोजिम सम्बन्धित क्षेत्रको बाटोमा छुट दिने । |
| ८८ | जडीबुटीदेखि दक्षिण बालकुमारी पुल, नरेफांटका मूल सडकसँग जोडिएका दायाँबायाँका जग्गाहरू । | १६,००,००० |
| ८९ | सि.नं. ८८ को सहायक बाटोमा परेका जग्गाहरूको हकमा<br>क) सहायक पिच<br>ख) कच्ची मोटर बाटो<br>ग) गोरेटो | अनुसूचीको अन्त्यमा (क) र (ख) मा उल्लेख भएबमोजिम सम्बन्धित क्षेत्रको बाटोमा छुट दिने । |
| ९० | सिनामङ्गल जग्गा एकीकरण आयोजनाको का.म.न.पा. वडा नं. ३२ क्षेत्रभित्रको (पेप्सी टाउनप्लानिङ र अन्य आयोजनाको हकमा)<br>क) १० मिटर र ८ मिटर बाटो भएको जग्गाको ।<br>ख) ६ मिटर र ४ मिटर बाटो भएको जग्गाको । | <br><br><br>१२,००,०००<br>१०,००,००० |
| ९१ | माथि सि.नं. मा उल्लेख भएका क्षेत्रमा नपरेका र बाटो नभएका वर्ग खुलेका नगर क्षेत्रभित्रका जग्गाको हकमा<br>१) "क" वर्गको लागि<br>२) "ख" वर्गको लागि<br>३) "ग" वर्गको लागि<br>४) "घ" वर्गको लागि<br>५) "ङ" वर्गको लागि<br>६) "च" वर्गको लागि<br>७) बाटो नभएको । | <br><br>२०,००,०००<br>१६,००,०००<br>१२,००,०००<br>८,००,०००<br>६,००,०००<br>४,००,०००<br>७,००,००० |
| ९२ | नरदेवीबाट भेटासिंह जाने मूल सडकसँग जोडिएका दायाँबायाँ जग्गाहरू । | २८,००,००० |

| सि.नं. | विवरण | मूल्य प्रतिआना (३१.७९ व.मि.) रु. |
|---|---|---|
| ९३ | गोंगबू (चक्रपथ) चोकबाट जाल्पाचोकसम्मको मूलबाटोको दायाँबायाँका जग्गाहरू । | २०,००,००० |
| ९४ | सामाखुशी (चक्रपथ) चोकबाट खरिबोट हुँदै ग्रीनल्याण्ड स्कूलसम्मको मूलबाटासँग जोडिएको दायाँबायाँका जग्गाहरू । | १६,००,००० |
| ९५ | गोंगबु गा.वि.स. मापर्ने विष्णुमती करिडोर क्षेत्रको लागि । | १२,००,००० |
| ९६ | डिल्लीबजार मालपोत क्षेत्राधिकार भित्रपर्ने रिङरोडको दायाँबायाँ । | ३०,००,००० |
| ९७ | यस मूल्याङ्कन पुस्तिकामा प्रस्तुत हुन छुट भएको र घर बाटो सिफारिस आउंदा मूल बाटो भनी उल्लेख भएमा त्यस्तो छुट भएको मूल बाटोको दायाँबायाँका जग्गाहरू । | २०,००,००० |
| **चावहिल मालपोततर्फ**<br>**क) का.म.पा. वडा नं. ६ र ७ तर्फको बाटोको दायाँबायाँको कायम जग्गाको मूल्य** | | |
| ९८ | चक्रपथ जोडिएका गौशालादेखि धोबीखोलासम्मका जग्गाहरू । | ३०,००,००० |
| ९९ | मित्रपार्कदेखि कालोपुल हुँदै मालपोत कार्यालय डिल्लीबजारको सीमानासम्म मूल सडकसँग जोडिएका जग्गाहरू । | २८,००,००० |
| १०० | गौशाला चोकदेखि रातोपुलसम्म मूल सडकसँग जोडिएका जग्गाहरू । | २५,००,००० |
| १०१ | चावहिल चोकदेखि पासाङल्हामू चोकसम्म मूल सडकसँग जोडिएका जग्गाहरू । | २८,००,००० |
| १०२ | पासाङल्हामु चोकदेखि जोरपाटी सीमानासम्म मूल सडकसँग जोडिएका जग्गाहरू । | २८,००,००० |
| १०३ | गोपीकृष्ण सिनेमा हल नजिक चक्रपथ ट्र्याकबाट उक्त हल हुँदै पुलिस विट बाँयाबाट कपन जाने बाटो र दाँया महाँकाल पानीट्यांकीतर्फ निस्कने र मंहाकालबाट कपनको वडा भवनतर्फ जाने र बेख जाने बाटोको कपन सीमानासम्मको सडकसँग जोडिएको दाँयाबाँया र गोपीकृष्ण नगर जाने चक्रपथको ट्र्याकबाट सुरु भई सोदेखि गोपीकृष्ण नगर एकीकरण आयोजनाको र वडा नं. ६ तर्फ ७ तल्ले घरसम्म, कपनजाने बाटोसम्म, कपन वडा भवनजाने मूलबाटो र महांकालसम्मको र सोभित्र पर्ने जग्गाहरू । | २०,००,००० |

| सि.नं. | विवरण | मूल्य प्रतिआना (३१.७९ व.मि.) रु. |
|---|---|---|
| १०४ | मित्रपार्कदेखि गौरीघाट चोकसम्म मूल सडकसँग जोडिएको, मित्रपार्कदेखि गौरीघाट चोकसम्म र सोभित्र पर्ने जग्गाहरू । | १८,००,००० |
| १०५ | चवहिल चोकको पीपलबोट हुँदै गौरीघाट चोकसम्म जोडिएका दाँयाबायांको जग्गाहरू र सोभित्र पर्ने जग्गाहरू । | १३,००,००० |
| १०६ | चुच्चेपाटी चोकदेखि महाँकालको पीपलबोट महाँकालस्थानसम्म मूल सडकसँग जोडिएका दाँयाबाँयार सोभित्रमा पर्ने जग्गाहरू । | १३,००,००० |
| १०७ | महाँकालस्थानदेखि जोरपाटी सीमानासम्मको मूल सडकको दाँयाबाँया, महांकालस्थानदेखि आरुबारी जोरपाटी सीमानासम्मको र सो बिचमा पर्ने जग्गाहरू । | १३,००,००० |
| १०८ | चावहिल चोकदेखि गणेशस्थान हुँदै भत्केको पुलसम्मको दाँयाबाँया र चावहिल चोक हुँदै सिफल चौरसम्म र सो विचमा पर्ने जग्गाहरू । | १८,००,००० |
| १०९ | गौशाला चोकदेखि रातोपुलसम्मको मूल सडकले छोएका जग्गाहरू । | २८,००,००० |
| ११० | कालोपुलदेखि गौशालातर्फ आउने बाटोले छोएको दाँयाबाँयार सोभित्र पर्ने जग्गाहरू । | १५,००,००० |
| १११ | बौद्ध स्तूपादेखि उत्तरतर्फ महेन्द्र बौद्धमावि हुँदै तीनचूलेतर्फ निस्कने बाटो र रामहिटी चोकबाट जोरपाटीतर्फको मूल सडक निस्कने पिच सडकसँग जोडिएका दाँयाबाँया, बौद्ध स्तुपा, स्तुपाहुँदै तीनचूले र रामहिटी चोक नजिकदेखि रामहिटीबाट जोरपाटी मूलबाटोसम्म निस्कने बाटोको जग्गा र सो बिचमा पर्ने जग्गाहरू । | १५,००,००० |
| ११२ | गोपीकृष्ण नगर जग्गा एकीकरण आयोजनाभित्रको जग्गाको आठ मिटर बाटासँग जोटिएको दाँयाबाँयाको जग्गाहरू । | १७,००,००० |
| ११३ | गोपीकृष्ण नगर जग्गा एकीकरण आयोजनाभित्रको जग्गाको ६ र ४ मिटर बाटोसँग जोडिएको दाँयाबाँयाका जग्गाहरू । | १३,००,००० |
| ११४ | गौरीघाट चोकदेखि पुर्वतर्फ वाग्मती ढलले निर्माण गरेको वाग्मती किनाराको सडक हुँदै जोरपाटीको सीमानासम्म र सो विचमा पर्ने जग्गाहरू । | १३,००,००० |

| सि.नं. | विवरण | मूल्य प्रतिआना (३१.७९ व.मि.) रु. |
|---|---|---|
| ११५ | गौरीघाट चोकदेखि टुसाल निस्कने र गौरीघाट चोकबाट बौद्धसम्म जाने मूल सडकसँग जोडिएका जग्गा र गौरीघाटदेखि बौद्धमूल सडक निस्कने बाटो, (चोक)का जग्गाहरू र सो बिचमा पर्ने जग्गाहरू । | १३,००,००० |
| ११६ | भत्केको पुल हुँदै कालोपुलसम्मको पिच सडकसँग जोडिएका र सो बिचमा पर्ने जग्गाहरू । | १८,००,००० |
| ११७ | कालोपुल हुँदै मित्रपार्क चोक दूरसञ्चार पछाडिको मूल सडक निस्कने बाटो तथा कालोपुल हुँदै चावहिल गणेश स्थान निस्कने बाटासँग जोडिएका दाँयाबाँया र मित्रपार्क चोक हुँदै दूरसञ्चार मूल सडक निस्कने बाटोसम्मका दाँयाबाँयाका जग्गा र सो बिचमा पर्ने जग्गाहरू । | १८,००,००० |
| ११८ | गणेशस्थान तरकारी बजार गङ्गाहिटी हुँदै चक्रपथ निस्कने बाटोको दाँयाबाँयार चक्रपथ निस्कने चोकसम्मको र सो बिचमा पर्ने दाँयाबाँयाका जग्गाहरू । | १५,००,००० |
| ११९ | बौद्ध स्तुपा परिसरसँग जोडिएको वरिपरिका कित्ता जग्गाहरू । | २५,००,००० |
| | माथि उल्लेख नभएको वर्ग खुलेका जग्गाहरू वडा नं. ६ का लागि | |
| १२० | क वर्ग | २२,००,००० |
| १२१ | ख वर्ग | १५,००,००० |
| १२२ | ग वर्ग | ११,००,००० |
| १२३ | घ वर्ग | ९,००,००० |
| १२४ | ङ वर्ग | ७,००,००० |
| १२५ | च वर्ग | ५,००,००० |
| १२६ | सहायक पिचसँग जोडिएका जग्गाहरू । | ११,००,००० |
| | माथि उल्लेख नभएको वर्ग खुलेको जग्गाहरू वडा नं. ७ का लागि | |
| १२७ | क वर्ग | २४,००,००० |
| १२८ | ख वर्ग | १७,००,००० |
| १२९ | ग वर्ग | १३,००,००० |
| १३० | घवर्ग | ९,००,००० |
| १३१ | ङ वर्ग | ७,००,००० |
| १३२ | च वर्ग | ५,००,००० |

| सि.नं. | विवरण | मूल्य प्रतिआना (३१.७९ व.मि.) रु. |
|---|---|---|
| १३३ | सहायक पिचसँग जोडिएका जग्गाहरू | १३,००,००० |
| | नगर विकासबाट वितरण गरिएका घडेरी जग्गा | |
| १३४ | क) ८ मिटरभन्दा माथिको मोटर बाटो भएको । | १७,००,००० |
| १३५ | ख) ८ मिटरसम्मको मोटर बाटो भएको । | १३,००,००० |
| १३६ | ग) ६ मिटरसम्मको मोटर बाटो भएको । | १२,००,००० |
| १३७ | घ) ४ मिटरसम्मको मोटर बाटो भएको । | १०,००,००० |
| १३८ | ङ) अन्य बाटो नभएको वर्गअनुसार कायम रहने । | |
| १३९ | क) वडा नं. ७ को हकमा धोबीखोला करिडोर सडकसँग जोडिएका जग्गाहरू | १८,००,००० |
| १४० | ख) अन्य ८ मिटरभन्दा ठुलो सडकले छोएका जग्गा । | १७,००,००० |
| १४१ | क) सरस्वतीनगर मूल सडक दाँयाबाँयाका जग्गाहरू । | १८,००,००० |
| १४२ | ख) चक्रपथ ट्र्याकसँग जोडिएको दाँयाबाँयाको जग्गाहरू । | २५,००,००० |

## ख. काठमाडौं महानगरपालिका १४ अन्तर्गत निम्न सडकको दायाँबायाँको जग्गाको मूल्य

| सि.नं. | विवरण | मूल्य प्रतिआना (३१.७९ व.मि.) रु. |
|---|---|---|
| १४३ | विष्णुमती खोलापुलदेखि रविभवन वडा नं. १४ को सीमानासम्म-गणेशमान पथ) | २५,००,००० |
| १४४ | कालिमाटी चोकदेखि दक्षिणतर्फ कालिमाटी बल्खु -विश्वविद्यालय पथ) मूल सडक वडा नं १४ को सीमानासम्म । | २५,००,००० |
| १४५ | टेकु कालिमाटी मूल सडकको विष्णुमती पुलदेखि उत्तरतर्फ नगर १५ को सीमानासम्म मूल लिङ्क सडक । | १९,००,००० |
| १४६ | कालिमाटी टंकेश्वर परोपकार विद्यालयको विष्णुमती पुलपश्चिम हुँदै महेन्द्ररत्न क्याम्पस तहाचल चोकबाट छाउनी म्युजियम हुँदै सीतापाइला रिङरोड चोकसम्मको मूल पक्की सडक । | १६,००,००० |
| १४७ | सोल्टीमोडदेखि हिमालय हाईट र छिन्नलता पुस्तकालयसम्मको पक्की सडक । | १५,००,००० |

| | | |
|---|---|---|
| १४८ | हिमालय हाईट वाफल कलङ्की चक्रपथ हुँदै का.म.पा. १३ नं.को स्युचाटार सीमानासम्म । | १५,००,००० |
| १४९ | गाइबाच्छा पाटी चोकबाट पश्चिम चक्रपथसम्म पक्की सडक | १५,००,००० |
| १५० | सहायक पक्की सडक | १३,००,००० |
| १५१ | कच्ची मोटर बाटो | १३,००,००० |
| १५२ | गोरेटो बाटो | ७,००,००० |
| १५३ | बाटो नभएको | ४,००,००० |

**ग. काठमाडौं महानगरपालिका वडा नं १४ अन्तर्गत निम्न सडकको दाँयाबाँयाका जग्गाहरू**

| **सि.नं.** | **विवरण** | **मूल्य प्रतिआना (३१.७९ व.मि.) रु.** |
|---|---|---|
| १५४ | सोल्टीमोड नगर १३ सीमानादेखि कलङ्की चोक गणेशमानसिंह पथसम्मका जग्गाहरू । | २५,००,००० |
| १५५ | कालिमाटी चोकदेखि दक्षिणतर्फ कालिमाटी बल्खु विश्वविद्यालय पथ, मूल सडक वडा नं. १३ को सीमानादेखि बल्खु चोकसम्म । | २५,००,००० |
| १५६ | कलङ्की चोकदेखि त्रिभुवन राजपथ तिनथानाको सीमानासम्म । | १६,००,००० |
| १५७ | रिङरोड खसीबजार बल्खुखोला पुलदेखि कुलेश्वर विश्व विद्यालयसम्मको पथसम्म लिङ्क मार्ग पक्की बाटो । | १४,००,००० |
| १५८ | बल्खु चोकदेखि त्रि.वि.वि. गेट कीर्तिपुर न.पा.को सीमानासम्म दक्षिणकाली मार्ग पक्की सडक । | १३,००,००० |
| १५९ | कलङ्की चोकदेखि वडा नं. १४ को सीमाना खड्कुले पुलसम्म । | १०,००,००० |
| १६० | सहायक पक्की सडक । | १३,००,००० |
| १६१ | कच्ची मोटर बाटो । | १२,००,००० |
| १६२ | गोरेटो बाटो । | ९,००,००० |
| १६३ | बाटो नभएको । | ५,५०,००० |

**घ. काठमाडौं महानगरपालिका वडा नं १५ अन्तर्गत निम्न सडकको दाँयाबाँयाका जग्गाहरू**

| **सि.नं.** | **विवरण** | **प्रतिआना रु.** |
|---|---|---|
| १६४ | सीतापाइला चोकदेखि छाउनी वडा नं १३ को सीमानासम्मको मूल सडक । | १६,००,००० |
| १६५ | भगवानपाउदेखि विजेश्वरी मन्दिर हुँदै शोभा भगवती पुलसम्मको मूल पक्की सडक । | १६,००,००० |

| | | |
|---|---|---|
| १६६ | विष्णुमती लिङ्क रोड, विष्णुमती पुलदेखि डल्लु पुलसम्म मूल पक्की सडक । | १६,००,००० |
| १६७ | डल्लु आवास स्वयम्भू चोकदेखि राजा विरेन्द्र मार्ग हुँदै डल्लु आवास १० मिटरको पक्की बाटो । | १५,००,००० |
| १६८ | भगवानपाउदेखि डल्लु पुलसम्मको पक्की सडक । | १५,००,००० |
| १६९ | भगवानपाउबाट वनस्थली निस्कने सिद्धिचरण मार्ग पक्की सडक । | १५,००,००० |
| १७० | परिक्रममा मार्ग । | १५,००,००० |
| १७१ | सहायक पक्की सडक । | १३,००,००० |
| १७२ | कच्ची मोटर बाटो । | १२,००,००० |
| १७३ | गोरेटो बाटो । | ९,५०,००० |
| १७४ | बाटो नभएको । | ७,००,००० |

**च:मती आवास क्षेत्रको लागि मात्र**

| स.नं. | विवरण | प्रतिआना रु. |
|---|---|---|
| १७५ | क) ८ मिटरदेखि ११ मिटरसम्मको चौडा पक्की सडक । | १३,००,००० |
| १७६ | ख) ४ मिटरदेखि ८ मिटरसम्मको चौडा सहायक पक्की सडक । | १०,००,००० |
| १७७ | ग) ४ मिटरसम्मको चौडा पक्की सडक । | ८,५०,००० |

माथि उल्लिखित बाटाहरूको दायाँबायाँमा नपरेका तर ती बाटोहरूसँग जोडिएर गएका अन्य सहायक बाटोहरूको दायाँबायाँ रहेका जग्गाहरूको प्रतिआना मूल्याङ्कन दर कायमगर्दा सम्बन्धित जग्गाबाट नजिक माथि विवरणमा उल्लेख भएको जग्गाको मूल्याङ्कन निम्नानुसार छुट दिई प्रतिआना दर कायम गर्ने र सोही आधारमा सम्पत्ति कर निर्धारण गर्ने :

क) सहायक बाटाहरूबाट अन्यत्र निस्कने निकास भएमा (PASS THROUGH) बाटाहरू,

| क्र.सं. | बाटोको विवरण | छुट प्रतिशत |
|---|---|---|
| १ | सहायक पिच मोटर बाटो | १० |
| २ | कच्ची मोटर बाटो | २० |
| ३ | गोरेटो बाटो | ३० |

ख) सहायक बाटोहरूबाट अन्यत्र निस्कने निकासनभएका (**DEAD END**) बाटाहरू,

| क्र.सं. | बाटोको विवरण | छुट प्रतिशत |
|---|---|---|
| १ | सहायक पिच मोटर बाटो | २० |
| २ | कच्ची मोटर बाटो | ३० |
| ३ | गोरेटो, घरमुनि, चोकभित्रका बाटो | ४० |

# अनूसूची–५

## भूमि करको दररेट

| जग्गाको वर्ग | दर प्रतिआना (३१.७९) व.मि) रु. | जरिवाना | कैफियत |
|---|---|---|---|
| क | ७० | बक्यौताको दश प्रतिशत | |
| ख | ६० | | |
| ग | ५० | | |
| घ | ४० | | |
| ङ | ३० | | |
| च | २० | | |
| वर्ग खुलेकाको हकमा | ४० | | |

# अनूसूची–६

## बहाल करको दर

काठमाडौँ महानगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा,जग्गा वा पोखरी वाअन्य सम्पत्ति पुरै वा आंशिक तबरले बहाल लगाएकोमा बहाल रकममा देहायबमोजिम बहाल कर सङ्कलन गरिने छ :

(१) करदाताले आफुले बहालमा लगाएको बहाल रकम स्वंय घोषणा गर्न सक्ने छ ।

(२) करदाताले गरेको स्वयं घोषणा वा बहाल लिने दिने विच भएको सम्झौताबमोजिमको बहाल दर वा कूल बहाल रकम सूत्रबाट कायम हुने दरअनुसारको बहाल रकमभन्दा बढी हुन आएमा स्वयं घोषणा वा सम्झौताअनुसारको रकमलाई बहाल रकम मानी बहाल कर असुलउपर गरिने छ ।

(३) उपदफा (१) र (२) बमोजिम बहाल कर निर्धारण गर्न नसकिएमा प्रतिमहिना प्रतिवर्ग फिट न्यूनतम बहाल दर निर्धारण गर्दा देहायको सूत्रका आधारमा गरिने छ :

$$\text{बहाल दर} = \left\{ \frac{\text{जग्गाको प्रति आना मूल्य.}}{\text{१,००,०००}} + \frac{\text{घरको प्रति व.फि.मूल्य}}{\text{१००}} \right\} \text{गुणक (C)}$$

(४) उपदफा (३) को प्रयोजनका लागि सम्पत्ति कर प्रयोजनको लागि तोकिएबमोजिम कायम भएको जग्गाको प्रतिआना मूल्य र घरको बनोटको लागि तोकिएबमोजिम कायम भएको घरको प्रतिवर्ग फिट मूल्यलाई आधार लिईने छ ।

(५) उपदफा (३) मा उल्लेखित सूत्रमा गुणक C (Coefficient) निर्धारण गर्दा बहाल वा भाडामा उपलव्ध गराउने भवन, घर पसल, ग्यारेज, गोदाम, टहरा, जग्गा वा पोखरी वाअन्य सम्पत्ति रहेको स्थान (Zoning / location),सडकसँगको अवस्था, उपयोग, व्यावसायिक महत्व, उपलब्घ सुविधाहरू, घरको फिनिसिङ घरको बनोट, प्लिन्थ एरिया, कार्पेट एरिया, तला आदिलाई आधार लिइनेछ ।

क) C (Coefficient) ०.२ भन्दा कम नहुने र २.० भन्दा अधिक नहुने गरी कायम गरिने छ ।

ख) सूत्रमा उल्लेख भएको C (Coefficient) को प्रस्तावित दर निर्धारण गर्नका लागि प्रत्येक आर्थिक वर्षको बजेट निर्माण अगावै काठमाडौँ महानगरपालिका राजश्व परामर्श समितिले सम्बन्धित वडाका जनप्रतिनिधिसँग परामर्श गरी सिफारिस गर्न सक्ने छ ।

(६) कूल बहाल रकमको बार्षिक १० प्रतिशतका दरले बहाल कर लगाई असुलगरिने छ ।

(७) बहाल दर निर्धारणवश प्रयोजनका लागि गुणक (Coefficient) निम्नअनुसार कायम गरिएको छ :

**क) क्षेत्र** १ :-

सिंहदरबार - माइतीघर - थापाथली - त्रिपुरेश्वर, त्रिपुरेश्वर - सुन्धारा - खिचापोखरी - रणमुक्तेश्वर - पुरानो महानगरपालिका (सिद्धिचरण चोक) - दमकल - बसन्तपुर - हनुमानढोका - सुरज आर्केड - आकाश भैरब - जुद्धसालिक-न्युरोड गेट - भोंसिको - महाबौद्ध - वीर अस्पताल -कान्तिपथ); भोटाहिटी - असन चोक - कमलाक्षी; सुन्धाराबाट कान्तिपथ उत्तरतर्फ केशरमहल - त्रिदेबी मार्ग - नर्सिङ चोक - जे.पी चोक - मनाङहोटल - सोह्रखुट्टे उकालो - लेखनाथ मार्ग - नेपाल स्काउट चोक - केशर महल;केशर महल -नारायणहिटीको सँग्राहालयको दक्षिण - दरबार मार्ग (महेन्द्र सालिक) - कृष्ण पाउरोटी चोक - पुतलीसडक - सिंहदरबार; रत्नपार्क - बागबजार - पुतलीसडक चोक, माइतीघर-नयाँबानेश्वर-तीनकुने-कोटेश्वर हुँदै बालकुमारी पुल, तिनकुने-सीनामंगल-गौशाला-चावहिल-बौद्ध जोरपाटी सीमानासम्म, लैनचौर-लाजिम्पाट-पानीपोखरी-महाराजगञ्ज-बाँसवारी सीमानासम्म, सोह्रखुट्टे ओरालो-बालाजु चोक-बाइसधारा-बाइपास हुँदै माछापोखरीसम्म, सानेपापुल-बल्खु-कलङ्की-स्वयम्भु-बालाजु-गाङ्गबु चोक-महाराजगन्ज नारायणगोपाल चोक-हुँदै चाबहिल चोकसम्म, त्रिपुरेश्वर-टेकु-कालिमाटी-रविभवन हुँदै-कलङ्की, कालिमाटी-बल्खु हुँदै सडकको दाँयाबाँया जोडिएको बहाल कर दर निर्धारण प्रयोजनका लागि गुणक (Coefficient –C1) कायम गर्ने ।

ख) **क्षेत्र २** :-

माथि उल्लेखित क्षेत्रहरू वाहेकका अन्य क्षेत्रहरूकालागि गुणक (Coefficient – C2) कायम गर्ने ।

| **प्रयोजन** | **गुणक (C1)** | **गुणक (C2)** |
|---|---|---|
| आवासीय प्रयोजन फ्लोर एरिया | ०.२० | ०.२० |
| आवासीय प्रयोजन कार्पेट एरिया | ०.३० | ०.२५ |
| कार्यालय प्रयोजन फ्लोर एरिया | ०.३५ | ०.३० |
| कार्यालय प्रयोजन कार्पेट एरिया | ०.४० | ०.३५ |
| ब्यापारिक प्रयोजन फ्लोर एरिया | ०.५० | ०.४० |
| ब्यापारिक प्रयोजन कार्पेट एरिया | ०.७५ | ०.५० |

(८) अनुसूची–६ अन्तर्गतका अन्य बुँदाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि वार्षिक रु. १ लाखभन्दा कम बहाल आम्दानी भएका र अन्य कुनै आम्दानी गर्ने श्रोत नरहेका करदाताहरूले बहालकर छुट मार्ग गरेमा सम्बन्धित वडा समितिले वास्तविक अवस्था बुझी ब्यहोरा मनासिब भएमा वडा समितिको

बैठकले निर्णय गरी चालु आर्थिक वर्षका लागि लाग्ने बहाल कर छुट दिइने छ। तर एक लाख वा सोभन्दा बढी बहाल आम्दानी गर्ने करदाताको हकमा भने कुनै छुट हुने छैन। यसरी बहाल कर छुट दिने गरी वडा समितिले गरेको निर्णय सम्बन्धित वडा कार्यालयमा अभिलेखीकरण गरी राखिने छ।

(९) कोभिड-१९ को प्रभावले पर्न गएको असरलाई मध्यनजर गरी घर धनीले बुझाउने वार्षिक बहाल कर रकमको दश प्रतिशत वा पच्चीस हजार रुपैंयामध्ये जुन रकम कम हुन्छ सो रकम छुट हुने छ।

(१०) कोभिड-१९ को सङ्क्रमणका कारण काठमाडौं महानगरपालिका क्षेत्रभित्र लकडाउन वा निषेधाज्ञाको आदेश जारी भई सो अवधिमा बहालमा बस्ने प्राकृतिक वा कानुनी व्यक्तिलाई घर धनीले बहाल छुट दिएको भनी बहाल करमा थप छुटको दाबी गरेमा वडा समितिको निर्णयका आधारमा बढीमा ४ (चार) महिनाको बहाल कर छुट हुने निर्णय गर्न सक्ने छ।

(११) कोभिड-१९ को कारणले प्रभावित काठमाडौं महानगरपालिकाको सम्पत्ति बहाल वा लिजमा लिने प्राकृतिक वा कानुनी व्यक्तिका लागि आर्थिक वर्ष २०७६/०७७ को लागि तीन महिना र आर्थिक वर्ष ०७७/७८ को लागि दुई महिनाको भाडा छुट दिई यस आर्थिक वर्षमा हिसाव मिलान गरिने छ। यस प्रावधानबमोजिमको भाडा छुट सुबिधा प्राप्त गर्न आर्थिक वर्ष २०७७/०७८सम्मको सम्पूर्ण भाडा चुक्ता गरेको र लिजमा लिनेले भाडामा दिएकाहरूलाई भाडा छुट दिएको लिखित प्रमाण पेस गरेको हुनुपर्ने छ।

(१२) आर्थिक वर्ष २०७२/७३ लाई आधार वर्षको रुपमा लिई कर असुली गरिने छ।

# अनुसूची–७

# व्यवसाय करको दररेट

१. पुँजीगत लगानी, आर्थिक कारोबार, व्यवसायको प्रकृति र प्रकारका आधारमा कायम गरिएको व्यवसाय करको दर यस प्रकार रहेकोछ ।

क) व्यापारिक वस्तु

| कर शीर्षक | व्यवसायको प्रकृति | व्याख्या | हालको दर (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | मदिरा आयातकर्ता | | ३०,००० | |
| २ | सूर्तिजन्य पदार्थ आयातकर्ता | | २५,००० | |
| ३ | मदिरा डिलर | | १५,००० | |
| ४ | सूर्तिजन्य पदार्थ (डिलर) | | १०,००० | |
| ५ | मदिरा (खुद्रापसल) | | १०,००० | |
| ६ | पन पसल | | २,००० | |
| ७ | पूजा सामग्रीपसल | | १,००० | |
| ८ | पूजा सामग्री पसल धातुका वस्तुसमेत विकी हुने | | ३,००० | |
| ९ | ज्वेलरी (जेम्स) हिरामोती, सुन, चाँदी र पत्थरका सामग्रीको थोक पसल | | ३०,००० | |
| १० | ज्वेलरी (जेम्स) हिरामोती, सुन, चाँदी र पत्थरका सामग्रीको खुद्रा पसल (३०० वर्गफुटभन्दा बढी) | | १०,००० | |
| ११ | ज्वेलरी (जेम्स) हिरामोती, सुन, चाँदीका र पत्थरका सामग्रीको खद्रा पसल (३०० वर्गफुटसम्म) | | ५,००० | |
| १२ | सुनचाँदी गहना बनाउने पसल (ज्यासल) | | २,००० | |
| १३ | प्लेटेड गहना (थोक पसल) | | ३,००० | |
| १४ | प्लेटेड गहना (खुद्रा पसल) | | २,००० | |
| १५ | हस्तकला तथा क्यूरियो पसल (ठुलो) | | ५,००० | |
| १६ | हस्तकला तथा क्यूरियो पसल (२०० वर्गफुटसम्म सानो) | | २,००० | |
| १७ | फुलमाला सजावट पसल | | ३,००० | |
| १८ | कम्प्युटर, मोबाइल, घडी, फ्रिज, फोटोकपी वासिग मेसिनजस्ता इलेक्ट्रोनिकल सामान विक्री पसल | ब्रान्डेड सोरुम | १०,००० | |

| कर शीर्षक | व्यवसायको प्रकृति | व्याख्या | हालको दर (रु.) | कैफियत |
|---|---|---|---|---|
| १९ | कम्प्युटर, मोबाइल, घडी, फ्रिज, फोटोकपी, वासिग मेसिन जस्ता इलेक्ट्रोनिकल सामान विक्री पसल | | ५,००० | |
| २० | कलर ल्यावसहितको फोटो स्टुडियो | | ५,००० | |
| २१ | फोटो स्टुडियो | | ३,००० | |
| २२ | फर्निचर तथा फर्निसिङ पसल | ब्रान्डेड सोरुम | १२,००० | |
| २३ | फर्निचर तथा फर्निसिङ पसल | | ५,००० | |
| २४ | वेल्डिङर ग्रील पसल (३०० वर्गफिटसम्म) | | ३,००० | |
| २५ | वेल्डिङ र ग्रील पसल (३०० वर्गफिटभन्दा बढी) | | ५,००० | |
| २६ | ट्रस, आल्मुनियम फ्रेम आदि बनाउने पसल (५०० वर्गफिटसम्म) | | ६,००० | |
| २७ | ट्रस, आल्मुनियम फ्रेम आदि बनाउने पसल (५०० वर्गफिटभन्दा बढी) | | १०,००० | |
| २८ | डिपार्टमेन्टल स्टोर (१०,००० व.फि.भन्दा बढि) | प्रति स्टोर | १,२५,००० | |
| २९ | बिजनेस मार्ट (कम्प्लेक्स सेन्टर) (१०,००० व.फि.सम्म) | | १,००,००० | |
| ३० | मिनिमार्ट (४,००० व.फि.सम्म) | | २५,००० | |
| ३१ | मिनिमार्ट (२,००० व.फि.सम्म) | | १०,००० | |
| ३२ | मिनिमार्ट (१,००० व.फि.सम्म) | | ५,००० | |
| ३७ | तयारी सामान पसल थोक बिक्रेता | कपडा, जुत्ता, फेन्सी आदि) | ५,००० | |
| ३८ | तयारी सामान पसल (३०० व.फि.भन्दा बढी) | ,, | ३,००० | |
| ३९ | तयारी सामान पसल (३०० व.फि.सम्म) | ,, | २,००० | |
| ४० | स्टिलरड, एङगल, पाइप, पत्ता, सिमेन्ट, जस्ता पाता हार्डवेयर पसल तथा प्लाइउड, ताला, छेस्किन, चकुलु , जाली, किलाकाँटा, रङ्गरोगन, एल्म्युनियम, प्लास्टिकका सबै खालको (Building Materials) थोक विक्री/डिलर | प्रति शाखा | २५,००० | |

| कर शीर्षक | व्यवसायको प्रकृति | व्याख्या | हालको दर (रु.) | कैफियत |
|---|---|---|---|---|
| ४१ | स्टिल रड, एङगल, पाइप, पत्ता, सिमेन्ट, जस्तापाता, हार्डवेयर पसल तथा प्लाइउड, ताला, छेस्किन,चुकलु ,जाली, किलाकाटा, रंङरोगन, एल्म्युनियम, प्लास्टिकका सबै खालको (Building Materials) खुद्राविक्री (१५०ब.फि.भन्दा माथि) | | १०,००० | |
| ४२ | स्टिलरड, एङगल, पाइप, पत्ता, सिमेन्ट, जस्तापाता हार्डवयेर पसल तथा प्लाइउड, ताला, छेस्किन, चुकुल, जाली, किलाकाटां, रंङरोगन, एल्म्युनियम, प्लास्टिकका सबै खालको (Building Materials) खुद्रा विक्री (१५० ब.फि.सम्म) | | ५,००० | |
| ४३ | निर्माण सामग्री -इट्टा, बालुवा, रोडा, विक्री डिपो) | प्रतिआना | १,५०० | |
| ४४ | निर्माण सामग्री (इट्टा, बालुवा, रोडा) विक्री सम्पर्क कार्यालय | स्टक नराखे-को | ३,००० | |
| ४५ | स्यानिटरी सामान, बाथरुम फिटिङ, पाइप, पाइप फिटिङ, टायल र मार्बल थोक विक्री | | १०,००० | |
| ४६ | स्यानिटरी सामान, बाथरुम फिटिङ, पाइप, पाइप फिटिङ, टायल र मार्बल खुद्रा विक्री (३०० व.फिभन्दा बढी) | | ५,००० | |
| ४७ | स्यानिटरी सामान बाथरुम फिटिङ, पाइप, पाइप फिटिङ, टायल र मार्बल खुद्रा विक्री (३०० व.फि. सम्म) | | ३,००० | |
| ४८ | बिजुलीको तार, बिजुलीका सामान (Electrical Fixtures) विक्री गर्ने थोक पसल | | १०,००० | |
| ४९ | बिजुलीको तार, बिजुलीका सामान (Electrical Fixtures) विक्री गर्ने खुद्रा पसल (३०० व.फि.भन्दा बढी) | | ५,००० | |
| ५० | बिजुलीको तार, बिजुलीका सामान (Electrical Fixtures) विक्री गर्ने खुद्रा पसल (३०० व.फि.सम्म) | | ३,००० | |
| ५१ | सवारी साधनको पाटपुर्जा, टायरट्युब थोक विक्री | | १०,००० | |

| कर शीर्षक | व्यवसायको प्रकृति | व्याख्या | हालको दर (रु.) | कैफियत |
|---|---|---|---|---|
| ५२ | सवारी साधनको पाटपूर्जा, टायरट्यूब खुद्रा बिक्री (५०० वर्ग.फि.सम्म) | | ३,००० | |
| ५३ | सवारी साधनको पाटपूर्जा, टायरट्यूब खुद्रा बिकी (५०० वर्ग.फि.भन्दा बढी) | | ५,००० | |
| ५४ | मोटर/कार बिक्रि सोरुम | | ५०,००० | |
| ५५ | रिकन्डिसन चार पाङ्ग्रे सवारी साधन विक्री कक्ष | | २५,००० | |
| ५६ | मोटरसाइकल विक्री सोरुम | | २५,००० | |
| ५७ | बिद्युतीय सवारी साधन बिक्री सोरुम (बस, कार, मोटरसाइकल) | | नि:शुल्क | |
| ५७ | रिकन्डिसन मोटरसाईर्कल खरिद विक्री | | १०,००० | |
| ५८ | साइकल विक्री सोरुम | | ३,००० | |
| ५९ | पेट्रोल/डिजल पम्प | प्रति डिस्पेन्सर | १०,००० | |
| ६० | मट्टितेल पम्प वा वितरक | | ३,००० | |
| ६१ | ग्यास विक्री पसल थोक | | १०,००० | |
| ६२ | ग्यास विक्री पसल खुद्रा | | १,००० | |
| ६३ | विद्युतीय सवारी साधन चार्जिङ सेन्टर | | निशुल्क | |
| ६४ | शृङ्गार पसल (कस्मेटिक) थोक | | १०,००० | |
| ६५ | शृङ्गार पसल (कस्मेटिक) खुद्रा | | २,००० | |
| ६६ | चूरापोते रिबन पसल थोक विक्री | | ७,००० | |
| ६७ | चूरापोते रिबन पसल खुद्रा बिक्रेता | | १,५०० | |
| ६८ | साडी, कुर्ता सरवाल कपडा, ऊन पसल थोक बिक्रेता | | १०,००० | |
| ६९ | साडी, कुर्ता सुरवाल कपडा, ऊन पसल खुद्रा बिक्रेता बुटिकसमेत (१५० ब.फि.भन्दा माथि) | | ५,००० | |
| ७० | साधारण साडी, कुर्ता सुरवाल कपडा, ऊन पसल खुद्रा बिक्रेता (१५० ब.फि.सम्म) | | १,५०० | |
| ७१ | स्टिल, आल्मुनियम, प्लास्टिक, तामा, पितल, भाडाकुँडा (इलेक्ट्रिकल वाहेक) आदि खुद्रा विक्री | | ३,००० | |
| ७२ | स्टील, आल्मुनियम, प्लास्टिक, तामा, पितल भाडाकुँडा (इलेक्ट्रिकल वाहेक) आदि थोक | | १०,००० | |

| कर शीर्षक | व्यवसायको प्रकृति | व्याख्या | हालको दर (रु.) | कैफियत |
|---|---|---|---|---|
| ७३ | सियो, धागो, टाँक, इमब्रोडरीका सामान, सर्टिङसुटिङका सामानहरू (कपडा बाहेक) विक्री पसल | | १,५०० | |
| ७४ | एकोरियम विक्री पसल | | ५,००० | |
| ७५ | खेलकुद, म्युजिकल सामान विक्री पसल | | ५,००० | |
| ७६ | पुस्तक, स्टेसनरी सामान तथा पत्रपत्रिकाको खुद्रा बिक्रेता | | १,५०० | |
| ७७ | स्टेसनरी सामान थोक बिक्रेता | | ५,००० | |
| ७८ | चस्मा पसल | | ३,००० | |
| ७९ | कपडा एन्ड फाइबर स्टोर्स | | ५,००० | |
| ८० | लुगा सिउने मेसिन विक्री गर्ने पसल | | ३,००० | |
